आज मिति २०८३ साल श्रावन ११ गते सोमवारका दिन दिनको १.०० बजे देखि यस मिथिला नगरपालिकाका नगर प्रमुख श्री महेन्द्र महतोज्यूको अध्यक्षतामा नेपालको संविधान २०७२ को धारा २२३ तथा 'स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १९ को व्यवस्था अनुसार यस नगरपालिका नगरसभाको १७ (सत्र औं) अधिवेशनको समापन समारोहमा देहाय अनुसारका नगर सभा सदस्यहरु, अतिथि समाजसेवी तथा कर्मचारीहरुको उपस्थिति रह्यो ।

उपस्थिति

| क्र.स | पद | नाम/थर | हस्ताक्षर |
|---|---|---|---|
| १. | नगर प्रमुख | महेन्द्र महतो | |
| २. | नगर उप-प्रमुख | सुनिता सिंह बुढाथोकी | |
| ३. | वडा अध्यक्ष (१) | जोगी महतो | |
| ४. | महिला सदस्य | ललिता देवी महतो | |
| ५. | दलित महिला सदस्य | ववित कुमारी देवी दास | |
| ६. | खुला सदस्य १ | परशुराम चौधरी | |
| ७. | खुला सदस्य २ | जय नारायण यादव | |
| ८. | वडा अध्यक्ष (२) | बिहारी महतो कोइरी | |
| ९. | महिला सदस्य | सावित्री देवी महतो कुशवाहा | |
| १०. | दलित महिला सदस्य | कैशिल्या देवी महरा | |
| ११. | खुला सदस्य १ | हरि कुमार यादव | |
| १२. | खुला सदस्य २ | जोगी महतो कोइरी | |
| १३. | वडा अध्यक्ष (३) | रामएकवाल महतो | |
| १४. | महिला सदस्य | नगिना खातुन | |
| १५. | दलित महिला सदस्य | कल्पना गजमेर | |
| १६. | खुला सदस्य १ | सोनेलाल बल तामाङ्ग | |
| १७. | खुला सदस्य २ | राजदेव ठाकुर | |
| १८. | वडा अध्यक्ष (४) | चन्द्र बहादुर बुलन तामाङ्ग | |
| १९. | महिला सदस्य | शान्ति कुमारी महतो | |
| २०. | दलित महिला सदस्य | कुमारी माया सादा | |
| २१. | खुला सदस्य १ | तेज बहादुर पुर्वछाने | |
| २२. | खुला सदस्य २ | विजय कुमार महतो | |
| २३. | वडा अध्यक्ष (५) | रामचन्द्र महतो | |
| २४. | महिला सदस्य | इन्द्र कला कुमारी महतो | |

| | | | |
|---|---|---|---|
| २५. | दलित महिला सदस्य | अन्ति कुमारी सुर्की | |
| २६. | खुला सदस्य १ | सुरज यादव | |
| २७. | खुला सदस्य २ | राजेश्वर महतो कोइरी | |
| २८. | वडा अध्यक्ष (६) | नन्द किशोर यादव | |
| २९. | महिला सदस्य | लक्ष्मी कुमारी कार्की | |
| ३०. | दलित महिला सदस्य | मिना पजियार | |
| ३१. | खुला सदस्य १ | शत्रुधन कुमार दास | |
| ३२. | खुला सदस्य २ | राम प्रकाश महतो | |
| ३३. | वडा अध्यक्ष (७) | राम बहादुर स्याङ्गदन | |
| ३४. | महिला सदस्य | चन्द्रकला देवी | |
| ३५. | खुला सदस्य १ | गंगा बहादुर बाँनिया | |
| ३६. | खुला सदस्य २ | देवेन्द्र यादव | |
| ३७. | वडा अध्यक्ष (८) | विरेन्द्र महतो | |
| ३८. | महिला सदस्य | जानकि माया तामाङ्ग | |
| ३९. | दलित महिला सदस्य | सुन माया कुमारी | |
| ४०. | खुला सदस्य १ | भोला महतो | |
| ४१. | खुला सदस्य २ | जँगवीर महतो कोइरी | |
| ४२. | वडा अध्यक्ष (९) | दिपक जङ्ग थापा | |
| ४३. | महिला सदस्य | लक्ष्मी थिङ | |
| ४४. | दलित महिला सदस्य | सोनु माया परियार | |
| ४५. | खुला सदस्य २ | नवराज श्रेष्ठ | |
| ४६. | वडा अध्यक्ष (१०) | सविन विक्रम थापा | |
| ४७. | महिला सदस्य | अन्जु श्रेष्ठ | |
| ४८. | दलित महिला सदस्य | निर कुमारी विश्वकर्मा | |
| ४९. | खुला सदस्य १ | विष्णु कुमार श्रेष्ठ | |
| ५०. | खुला सदस्य २ | शिव कुमार खड्का | |
| ५१. | वडा अध्यक्ष (११) | वेद बहादुर कार्की | |
| ५२. | महिला सदस्य | विन्दा कुमारी माझी | |
| ५३. | दलित महिला सदस्य | विन्दु भित्रिकोटी | |
| ५४. | खुला सदस्य १ | कुमार विक्रम खड्का | |
| ५५. | खुला सदस्य २ | रन बहादुर कार्की | |
| ५६. | कार्यपालिका सदस्य | विशेश्वर साह हलुवाई | |

| | | | |
|---|---|---|---|
| ५७. | कार्यपालिका सदस्य | महेन्द्र राउत | महेन्द्र |
| ५८. | कार्यपालिका सदस्य | सर्मिला सुनवार | |
| ५९. | सचिव | हरि शंकर यादव | |
| ६०. | स्वा.ले.उ.पा.न.का. | राम कुमार महतो | |
| ६१. | नेपाली कांग्रेस | राज कुमार महतो | |
| ६२. | मि.न.पा. ५ वडा अध्यक्ष | बासुदेव महतो | |
| ६३. | ~~अशोक कु. भण्डारी~~ प्र.प्र.का. | अशोक कुमार भण्डारी | |
| ६४. | मे.नि.पा. | निर्मल कुमार मण्डल | |
| ६५. | खरिद/योजना शाखा | धुरेन्द्र कुमार राय | |
| ६६. | खरिद/योजना शाखा | राम कृष्ण शर्मा | |
| ६७. | सूचना प्र. अधिकृत | विजय कुमार सिंह | |
| ६८. | जनस्वास्थ्य अधिकृत (पब्लिक हेल्थ विशेषज्ञ) | सुरुची कुमारी साह | |
| ६९ | मि.न.पा. | जानुकाकुमारी भट्टराई | |
| ७०. | मि.न.पा. १० | शीला मार्की | |
| ७१. | मि.न.पा. १० | निर्मला गौतम | निर्मला |
| ७२. | मिथिला न.पा. २ | रिता कुमारी महतो | |
| ७३ | " " ८ | कविता कुमारी महतो | कविता |
| ७४. | मिथिला न.पा. ८ | भगवती भुसेल (वडा सचिव) | Bhagawati |
| ७५. | मि.न.पा. २ | मिलन देवी श्रीवास्तव (वडा सचिव) | |
| ७६. | मि.न.पा. ६ का | युवराज शर्मा | |
| ७७. | प्रदेश संयोजक | मन्जु विश्वकर्मा | |
| ७८. | ~~हेम कुमारी मोक्तान~~ उ.वि.के. | हेम कुमारी मोक्तान | |
| ७९. | मि.न.पा. ११ | अमृत माया तामाङ | |
| ८० | ,, ,, | अजित प्र. घिसिङ | |
| ८१ | कृषि अधिकृत | संजय कुमार महतो | |
| ८२ | १५ नं. इको | शिवशंकर प्र. सिंह | |
| ८३ | मि.अ.हे.व (मिनपा) | देवघट महतो | |
| ~~८४~~ | ~~शिव शंकर महतो~~ | | |
| ८४. | उ.वि.स. | शिव शंकर महतो | |
| ८५ | ना.प्रा.स. | बिरेन्द्र कुमार महतो | |
| ८६ | कार्यालय सहयोगी | राम कृष्ण महतो | |
| ८७ | वडा सचिव - वडा नं.३ | विजय कुमार मण्डल | |
| ८८ | " वडा नं.६ | संदिप दाहाल | |
| ८९ | पञ्जीकरण/साझेदार | अमेश्वर साह | |

बैठकका प्रस्तावहरु:

१. आ.व.२०८३/०८४ को आर्थिक विधेयक सम्बन्धमा ।

२. आ.व.२०८३/०८४ को विनियोजन विधेयक सम्बन्धमा ।

३. मिथिला नगर कार्यपालिका बैठकको निर्णय अनुमोदन सम्बन्धमा ।

४. आ.व.२०८२/०८३ को खर्च अनुमोदन सम्बन्धमा ।

५. आ.ब.२०८२/०८३ मा चालु र पुँजीगत तर्फका योजना तथा कार्यक्रमको भुक्तानी गर्ने सम्बन्धमा।

६. गत विगतको धरौटी रकम व्यवस्था गर्ने सम्बन्धमा ।

७. आ.ब.२०८०/०८१को धरौटी रकम व्यवस्था गर्ने सम्बन्धमा ।

८. तालिम, गोष्ठी तथा कार्यक्रम संचालनको दररेट स्वीकृति सम्बन्धमा ।

९. जिल्ला दर रेट सम्बन्धमा ।

१०. करार तथा ज्यालादारी सेवामा कार्यरत कर्मचारीको म्याद थप सम्बन्धमा ।

११. साविकमा कार्यालय सहायक तथा सुपरभाईजर पदमा कार्यरत कर्मचारी सम्बन्धमा।

१२. करार सेवामा कार्यरत कर्मचारीहरुको पोशाक भत्ता सम्बन्धमा ।

१३. कानूनी परामर्श सेवा सम्बन्धमा ।

१४. योजनाको आ-आफ्नो वडामा संचालित स्वामित्व ग्रहण तथा रेखदेख र संरक्षण गर्ने सम्बन्धमा

१५. तलबी प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।

१६. नगर सभाबाट आ.व.२०८२/०८३ को लागि स्वीकृत केही योजनाहरु कार्यान्वयन गर्न कठिनाई भइ वडा समिति र कार्यपालिकाको विभिन्न मितिमा भएको निर्णय अनुसार संशोधन भएका योजनाहरु अनुमोदन सम्बन्धमा ।

१७. नदिजन्य पदार्थको ठेक्का व्यवस्थापन सम्बन्धमा ।

१८. एकिकृत स्वास्थ्य पुर्वाधार विकास कार्यक्रम अन्तर्गत क्रिटिकल केयर तथा ट्रमा सेन्टर सहितको अस्पताल निर्माण सम्बन्धमा ।

१९. प्रशासकीय भवन सहितको अन्य पुर्वाधार निर्माण सम्बन्धमा ।

२०. मिथिला नगरपालिकाको कार्यविधि तथा ऐन पारित तथा संशोधन सम्बन्धमा ।

२१. समाजिक सुरक्षा कोषमा मिथिला नगरपालिकालाई आबद्ध गर्ने सम्बन्धमा ।

२२. प्रोत्साहन भत्त सम्बन्धमा।

२३. ओरही खोला उत्खन्न सम्बन्धमा।

२४. **Gen-Z** आन्दोलनमा पूर्ण रुपमा नष्ट भएको सामाग्री मिन्हा गर्ने सम्बन्धमा ।

२५. रकम भुक्तानी सम्बन्धमा ।

महेन्द्र महतो
नगर प्रमुख

२६. आ.व.२०८२/०८३ को स्वीकृत कार्यक्रम मध्ये कार्यान्वयन नभएका योजना कार्यक्रम सम्बन्धमा।

२७. १५ शैय्या अस्पताल भवन निर्माणको लागि जग्गा प्राप्त गर्न सूचना आव्हान सम्बन्धमा।

२८. भूमि प्रशासन कार्यालय ढल्केवरको कार्य सँचालन भवन सम्बन्धमा।

२९. भूमि प्रशासन कार्यालय, नापी कार्यालय, राष्ट्रपति चुरे संरक्षण कार्यालय तथा प्रदेश स्काउट कार्यालय भवनको लागि जग्गा उपलब्ध गराउने सम्बन्धमा।

३०. विविध।

३१.सहिदप्रति श्रद्धान्जली र नगर सभा संचालनमा सहयोग पुर्याउने सम्पूर्णमा धन्यवाद तथा निर्णयहरु सार्वजनिक गर्ने सम्बन्धमा।

महेन्द्र महतो
नगर प्रमुख

मिथिला नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ढल्केबर, धनुषा
मधेश प्रदेश नेपाल

निर्णयहरु:

१. प्रस्ताव नं.१ माथि छलफल गर्दा आर्थिक वर्ष २०८३/०८४ को लागि अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयकलाई स्वीकृत गर्ने निर्णय पारित गरियो ।

२. प्रस्ताव नं.२माथि छलफल गर्दा मिथिला नगरपालिकाबाट आ.व.२०८३/०८४ मा प्रवाह हुने सेवा र त्रिकास योजना तथा अन्य कार्यहरुको लागि स्थानीय संचित कोषबाट रकम खर्च गर्ने सम्बन्धमा व्यवस्थापन गर्न बनेको विनियोजन विधेयक स्वीकृत गर्ने निर्णय पारित गरियो ।

३. प्रस्ताव नं.३ माथि छलफल गर्दा मिथिला नगर कार्यपालिकाको आ.व.२०८२/०८३ मा बसेको नगर कार्यपालिका बैठकमा मिति २०८२ श्रावण १ गते देखि २०८३ साल असार ३२ गते सम्म भएका निर्णयहरुलाई अनुमोदन गर्ने निर्णय पारित गरियो।

४. प्रस्ताव नं.४ माथि छलफल गर्दा मिथिला नगरपालिकाको आ.व.२०८२/०८३ को लागि १५ औं, १६ औं नगर सभाबाट स्वीकृत भई विभिन्न समयमा थप/घट भई संचालन भएका आयोजना तथा कार्यक्रमहरुलाई अनुमोदन गर्ने निर्णय पारित गरियो।

५. प्रस्ताव नं.५ माथि छलफल गर्दा मिथिला नगरपालिकाको गत आ.ब.२०८२/०८३ मा चालु तथा पुँजीगत तथा अन्य तर्फको योजना तथा कार्यक्रमहरु संचालन भई सम्पन्न भएर आर्थिक प्रशासन शाखामा आएको तर भुक्तानी हुन नसकेको योजना तथा कार्यक्रमहरुको भुक्तानी दिने निर्णय पारित गरियो ।

६. प्रस्ताव नं.६ माथि छलफल गर्दा गत विगतमा विभिन्न योजना तथा कार्यक्रमहरुको खरिद तथा भुक्तानीको क्रममा धरौटी खातामा राखिएको धरौटी वापतको रकम राष्ट्रिय बाणिज्य बैंकबाट खाताहरु माछापुच्छ्रे बैंक लिमिटेडमा स्थानान्तरण गर्दा धरौटी खाताको रकम धरौटी खातामा ट्रान्सफर गर्नुपर्नेमा सो हुन नसकि माछापुच्छ्रे बैंक लिमिटेडको स्थानीय संचित कोषमा भुलवश गएकोले हाल कागज प्रमाणको आधारमा फिर्ता गर्नुपर्ने धरौटी चालु आ.ब.को राजस्व फिर्ता शिर्षकमा राखी धरौटी खातामा ट्रान्सफर गरी फिर्ता गर्ने निर्णय पारित गरियो।

७. प्रस्ताव नं.७ माथि छलफल गर्दा आ.ब.२०८०/०८१ तथा आ.व. २०८२/८३ मा विभिन्न योजना तथा कार्यक्रमहरुको खरिद तथा भुक्तानीको क्रममा धरौटी खातामा राखिएको धरौटी वापतको रकम माछापुच्छ्रे बैंक लिमिटेडको स्थानीय संचित कोषमा भुलवश गएकोले हाल कागज प्रमाणको आधारमा फिर्ता गर्नुपर्ने धरौटी चालु आ.ब.को राजस्व फिर्ता शिर्षकमा राखी धरौटी खातामा ट्रान्सफर गरी फिर्ता गर्ने निर्णय पारित गरियो।

महेन्द्र महतो
नगर प्रमुख

८. प्रस्ताव नं.८ माथि छलफल गर्दा मिथिला नगरपालिकामा आ.व.२०८३/०८४ मा तालिम, गोष्ठी तथा अन्य कार्यक्रम संचालन गर्ने प्रयोजनको लागि आर्थिक वर्ष २०८३/२०८४ को प्रदेश खर्च मापदण्ड निर्देशिका मधेश प्रदेशको दररेटलाई स्वीकृत गर्ने निर्णय पारित गरियो ।

९. प्रस्ताव नं.९ माथि छलफल गर्दा मिथिला नगरपालिकाबाट प्रवाह हुने सेवा तथा विकास निर्माण कार्य र अन्य कार्य संचालन गर्न धनुषा जिल्लाको दर रेटलाई स्वीकार गरी धनुषा जिल्लाको दररेटमा नभएको अन्य वस्तुहरुको दररेट अन्य छिमेकी जिल्लाहरुको दररेटबाट समेत लिन सक्ने निर्णय पारित गरियो ।

१०. प्रस्ताव नं.१० माथि छलफल गर्दा मिथिला नगरपालिका नगर कार्यपालिकाको कार्यालय, मातहतको कार्यालयहरुमा करार तथा ज्यालादारी सेवामा कार्यरत आ.व.२०८२/०८३ असार मसान्तसम्म तलब/भत्ता प्राप्त गर्दै आएका कर्मचारीहरुको खर्च अनुमोदन गर्दै करार सेवाबाट पदपूर्ती हुने पदहरुमा स्वीकृत दरबन्दी अनुसार विज्ञापन आव्हान भएकोमा बाँकी पदहरुमा समेत विज्ञापन आव्हान गर्ने निर्णय गरियो। विज्ञापन आव्हान भई एकमुष्ट पदपूर्ति नभएसम्म निज सम्पूर्ण कर्मचारीहरुलाई चालु आ.व.२०८३/०८४ का लागि गत आर्थिक वर्ष बमोजिम नै सेवा निरन्तरता दिने निर्णय पारित गरियो।

११. प्रस्ताव नं.११ माथि छलफल गर्दा साविकको स्थानीय निकायमा सामाजिक परिचालकको पदमा नियुक्ती भई कार्यरत रहेकोमा स्थानीय तहको अवधारणा आए पश्चात निजहरुलाई तत्कालिन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं.४० मिति २०७४/१२/१३ को पत्रानुसार निजहरुलाई कार्यालय सहायक तथा सामाजिक परिचालनको रुपमा सेवा करारमा परिचालन गर्ने भनि उक्त मन्त्रालयको मिति २०७४/१२/१२ मा माननीय मन्त्रिस्तरबाट निर्णय भएको र सोही बमोजिम निजहरुलाई निरन्तरता दिइएको देखिन्छ साथै कार्यालय सहायक श्री जोगेन्द्र महतो गाविसको कार्यालय वेंङ्गाडावरबाट मिति २०७१/०८/०९ देखि कार्यरत रहेको, सुपरभाईजर श्री विनोद कुमार राय मिति २०७४/११/२० को नगरपालिकासँग करार सम्झौता गरी कार्यरत रहेको देखिन्छ। मिथिला नगरपालिकाको स्वीकृत दरबन्दी तेरिजमा करार सेवामा पदपूर्ती हुने पदमा कार्यालय सहायक तथा सुपरभाइजर पदको दरबन्दी नरहेको हुँदा निजहरुको कार्य अनुभव तथा योग्यता समेतको कदर गर्दै योग्यता पुगेका कार्यालय सहायकहरुलाई हालको सहायक कम्प्युटर अपरेटरको पदमा दरबन्दी मिलान गर्ने र सुपरभाईजरलाई कार्यालय सहयोगी पदमा मिलान गर्ने, निजहरु कुनै कारणबश सेवाबाट अलग भएमा प्रतिस्पर्धाको आधारमा दरबन्दी अनुसार भर्ना गर्ने निर्णय गरियो।

१२. प्रस्ताव नं.१२ माथि छलफल गर्दा मिथिला नगरकार्यपालिकाको कार्यालय तथा मातहतको कार्यालय, स्वास्थ्य संस्थामा कार्यरत करार सेवाका कर्मचारीहरुको पोसाक भत्ता सोही तहमा कार्यरत अन्य निजामती सेवाको स्थायी कर्मचारीहरुले प्राप्त गर्ने पोसाक भत्ता बराबर हुने गरि उपलब्ध गराउने निर्णय पारित गरियो।

१३. प्रस्ताव नं.१३ माथि छलफल गर्दा मिथिला नगरकार्यपालिकाको कार्यालय, मातहतको वडा कार्यालय, स्वास्थ्य संस्था तथा न्यायिक समितिलाई आवश्यक पर्ने न्यायिक तथा कानुनी विषयमा परामर्शका लागि कानूनी परामर्श सेवा खरिद गर्ने कार्यलाई निरन्तरता दिने निर्णय पारित गरियो ।

महेन्द्र महतो
नगर प्रमुख

मिथिला नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ढल्केवर, धनुषा
मधेश प्रदेश नेपाल

१४. प्रस्ताव नं.१४ माथि छलफल गर्दा आ.व.२०८२/०८३ मा संचालन गरिएका योजना तथा कार्यक्रमहरुको सम्बन्धित वडाले रेखदेख तथा संरक्षणको स्वामित्व ग्रहण गर्ने निर्णय पारित गरियो।

१५. प्रस्ताव नं.१५ माथि छलफल गर्दा मिथिला नगरपालिकाको स्थानीय तह/पद अनुसारको संघीय सरकारको आ.व.२०८३/०८४ को लागि जारी गरेको तलबमान स्वीकार गर्ने तथा तलवी प्रतिवेदन पारित गर्ने निर्णय पारित गरियो ।

१६. प्रस्ताव नं.१६ माथि छलफल गर्दा मिथिला नगरपालिकाको १५ औं, १६ औं नगर सभाबाट आ.व.२०८२/०८३ को लागि स्वीकृत वजेट तथा कार्यक्रममा केही योजनाहरु कार्यान्वयन गर्न कठिनाई भइ वडा समिति र कार्यपालिकाको विभिन्न मितिमा भएको निर्णय अनुसार संशोधन भएका योजनाहरु अनुमोदन गर्ने निर्णय पारित गरियो।

१७. प्रस्ताव नं.१७ माथि छलफल गर्दा यस नगर क्षेत्र भित्र भई बहने नदिहरु (औरही खोला बाहेक) बाट नदिजन्य पदार्थको उत्खनन्, संकलन, विक्रि वितरण गर्न प्रारम्भिक वातावरणीय परिक्षण (IEE)प्रतिवेदन बमोजिम ठेक्का बन्दोवस्त गर्ने तथा नदिजन्य पदार्थको विक्रि वितरण गर्नका लागि प्रदेश सरकारको आर्थिक ऐन,२०८३ मा तोकिएको प्रति घन मिटर रु.१५०-२०० को परिधिभित्र रहने गरि नदिजन्य पदार्थको प्रति **घन मिटर रु.१७५।०० (मु. अ. कर र अग्रिम आय कर वाहेक) का दरले** ठेक्का बन्दोवस्त गर्ने निर्णय पारित गरियो । साथै निजी जग्गाबाट नियमानुसार उत्खन्न तथा निकासीको लागि माटोको दर प्रति घन मिटर **रु.२५।०० तथा ग्राभेलको दर प्रति घन मिटर रु.६०।००(मु. अ. कर र अग्रिम आय कर वाहेक)** कायम गर्ने निर्णय गरियो।

१८. प्रस्ताव नं.१८ माथि छलफल गर्दा क्रिटिकल केयर तथा ट्रमासेन्टर सहितको अस्पताल निर्माणका लागि नेपाल सरकारको मिति २०८३/०२/०५ गतेको निर्णयानुसार नेपाल सरकारको नाममा जग्गाधनी दर्ता श्रेस्ता कायम रहेको देहायको जग्गा श्री भूमि प्रशासन कार्यालय, ढल्केवर, धनुषाबाट उपयोगको लागि उपयोग प्रमाणपत्र श्री क्रिटिकल केयर तथा ट्रमा सेन्टर सहितको अस्पताल भवन मि.न.पा.- ७, ढल्केवर, धनुषाको नाममा प्राप्त भइसकेकोले सम्बन्धित मन्त्रालयमा उक्त पूर्वाधार यथाशिघ्र निर्माणको लागि लेखी पठाउने निर्णय गरियो।

| क्र.सं. | प्रमाण संकेत | जिल्ला | साविक न.पा./ गा.वि.स. | वडा नं. | नक्सा/ सिट नं. | कि.नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | | धनुषा | ढल्केवर | २ | २ क | १६९ | ४-०-३-० | ज.वि.२५-१-८ मध्येबाट |

१९. प्रस्ताव नं.१९ माथि छलफल गर्दा मिथिला नगरपालिकाको प्रशासकीय भवन निर्माणको लागि नेपाल सरकारको मिति २०८३/०२/०५ गतेको निर्णयानुसार नेपाल सरकारको नाममा जग्गाधनी दर्ता श्रेस्ता कायम रहेको देहायको जग्गा श्री भूमि प्रशासन कार्यालय, ढल्केवर, धनुषाबाट उपयोगको लागि उपयोग

महेन्द्र क्षेत्री
नगर प्रमुख

मिथिला नगरपालिका नगर कार्यपालिकाको कार्यालय ढल्केबर, धनुषा मधेश प्रदेश, नेपाल २०६३

प्रमाणपत्र श्री मिथिला नगरपालिका, नगरकार्यापालिकाको कार्यालय, ढल्केवर, धनुषाको नाममा प्राप्त भइसकेकोले सो निर्माणको लागि यथाशिघ्र प्रक्रिया अगाडी बढाउने निर्णय गरियो।

| क्र.सं. | प्रमाण संकेत | जिल्ला | साविक न.पा./ गा.वि.स. | वडा नं. | नक्सा/ सिट नं. | कि.नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | | धनुषा | ढल्केवर | ४ | ४ ख | ४११ | ०-१५-८-० | पुरै |
| २ | | धनुषा | ढल्केवर | ४ | ४ ख | ११५ | ०-१२-० | ज.वि.३-०-३ मध्येबाट |

२०. प्रस्ताव नं.२० माथि छलफल गर्दा मिथिला नगरपालिकाको देहाय बमोजिमको कार्यविधि पारित गर्ने निर्णय गरियो।

(क) बाल अधिकार संरक्षण सम्बर्द्धन तथा प्रबर्द्धन सम्बन्धी एकिकृत कार्यविधि, २०८३

(ख) मिथिला नगरपालिकाको राजश्व सुधार कार्ययोजना, २०८३

(ग) नगर प्रमुख श्री महेन्द्र महतोको सेवा सुविधा वापतको रकम रु.२१,११,१११।०० को अक्षय कोष स्थापना तथा सँचालन कार्यविधि, २०८३

साथै मिथिला नगरपालिकाको देहाय बमोजिमको ऐन तथा कायविधिमा संशोधन सहित पारित गर्ने निर्णय गरियो।

(क) मिथिला नगरपालिकाको खानेपानी तथा सरसफाइ र स्वच्छता सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८०

(ख) मिथिला नगर शिक्षा तथा खेलकुद विकास कोष सञ्चालन कार्यविधि, २०८१

(ग) मिथिला नगरपालिकाको सामुदायिक विद्यालयमा प्रधानाध्यापक नियुक्ति सम्बन्धी कार्यविधि,२०८१

(घ) मिथिला नगरपालिका न्यायिक समिति सञ्चालन ऐन, २०८१

(ङ) मिथिला नगरपालिका अन्तर्गत स्वास्थ्य संस्था स्थापना, संचालन र अनुगमन(मापदण्ड) सम्बन्धी निर्देशिका, २०८२

२१. प्रस्ताव नं.२१ माथि छलफल गर्दा समाजिक सुरक्षा कोषमा मिथिला नगरपालिकालाई आवद्ध गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय पारित गरियो।

२२. प्रस्ताव नं.२२ माथि छलफल गर्दा मिथिला नगरपालिकाको नगरसभा सँचालनमा अतिरिक्त समयमा कामकाज गरे वापत निर्वाचित पदाधिकारीहरुलाई ११ दिनको र नगरपालिका कार्यालय तथा मातहतका वडा कार्यालयहरुमा कार्यरत रहेका कर्मचारीहरुलाई ७ दिन बराबरको प्रोत्साहन भत्ता प्रदान गर्ने निर्णय गरियो।

२३. प्रस्ताव नं.२३ माथि छलफल गर्दा मिथिला नगरपालिकाको अधिकार क्षेत्रमा पर्ने औरही खोलाबाट नदीजन्य पदार्थको उत्खन्न तथा संकलन कार्य अबको २ आर्थिक वर्षसम्मको लागि पूर्णतया निषेध गर्ने निर्णय गरियो। उक्त खोलाबाट अवैध रुपमा उत्खन्न संकलन गरेको पाइएमा प्रदेश कानूनले तोकेको भन्दा दोब्बर जरिवाना लिने र पुनः सोही गाडी अवैध उत्खन्न गतिविधिमा समातिए ४ गुणा बढी जरिवाना गर्ने निर्णय गरियो। अवैध उत्खन्नमा संलग्न गाडी समातेर बुझाउने सुरक्षाकर्मीलाई जरिवाना रकमको २५ प्रतिशत

महेन्द्र महतो
नगर प्रमुख

प्रोत्साहन उपलब्ध गराउने निर्णय गरियो। अवैध गतिविधिमा संलग्न भए बापतको जरिवाना रकम पालिकामा नै बुझाउनुपर्ने र अन्य नियकामा बुझाए मान्य नहुने समेत निर्णय गरियो।

२४. प्रस्ताव नं.२४ माथि छलफल गर्दा गत वर्ष मिति २०८२/०५/२३ र २४ गते **Gen-Z** द्वारा देशैभरी सञ्चालन गरिएको आन्दोलनको क्रममा मिति २०८२/०५/२४ गते आन्दोलनकारीद्वारा यस मिथिला नगरपालिका नगर कार्यपालिकाको कार्यालय र मातहतका कार्यालयमा गरिएको तोडफोड तथा आगजानीबाट तपसिल अनुसारको सामाग्री पूर्ण रुपमा नष्ट भएकोले मिन्हा गर्ने निर्णय गरियो ।

तपसिल

नगर कार्यपालिकाको कार्यालय तर्फः जलेर/फुटेर पूर्ण रुपमा नष्ट भएको सामाग्रीको विवरणः

१. मोटरसाइकल / ज १ ब ८८५ (प्लाटिना, बजाज) — १ थान
२. **Smart Television(60")** -१ थान
३. ल्यापटप (एसस भिवोबुक) - १ थान
४. प्रिन्टर — २ थान
५. डेकस्टप मोनिटर - २ थान
६. टेबल - ३ थान
७. रिवल्भिङ्ग कुर्सि - ३ थान
८. प्लाष्टिक कुर्सी - ५ थान
९. **Liquid Nitrogen Container** — १ थान
१०. वाल पंखा/स्टैण्ड पंखा — १/१ थान
११.सि.सि क्यामेरा — १० थान
१२. खानेपानी जार- ८ थान
१३. कार्यालयको नागरिक वडापत्र- १ थान

२५. प्रस्ताव नं.२५ माथि छलफल गर्दा देहाय बमोजिमको रकम भुक्तानी गर्ने निर्णय गरियो।

(क) मिथिला नगरपालिकाको वडा नं ८ मा कार्यालय सहयोगी पदमा कार्यरत रहेका श्री उपेन्द्र सिंह कोइरी स्थानीय स्वायत्त शासन ऐन बमोजिम नियुक्ती भई गत आर्थिक वर्ष २०८२/०८३ मा अनिवार्य अवकाश हुनुभएको तर निजले नियमानुसार अवकाश पश्चात प्राप्त गर्नुपर्ने संचित विदा लगायतका सेवा सुविधा वापतको रकम नगरपालिकामा रहेको कर्मचारी कल्याण कोषबाट भुक्तानी गर्ने निर्णय गरियो।

(ख) मिथिला नगरपालिकाको कार्यालयमा हलुका सवारी चालक पदमा करार सेवामा कार्यरत कर्मचारी श्री जितेन्द्र कुमार यादवको कार्यालयको कामकाजको सिलसिलामा मोटरसाइकल दुर्घटनामा परेकोमा उपचारको क्रममा खर्च भएको रकम रु.३,६२,७९०।०० मध्ये करिव रु.२,६७,०००।०० बीमा

महेन्द्र महतो
नगर प्रमुख

कम्पनीबाट प्राप्त गरिसकेको र बाँकी रकम नगरपालिकाबाट सहयोग गरिदिनको लागि निवेदन पेश गरेको हुँदा सो बाँकी रकम नगरपालिकाबाट भुक्तानी गर्ने निर्णय गरियो।

(ग) सहिद मुंगालाल मोहन महतोको सालिक विगतमा खरिद भएकोमा सो को बील बमोजिमको रकम भुक्तानी गर्ने निर्णय गरियो।

२६. प्रस्ताव नं.२६ माथि छलफल गर्दा आ.व.२०८२/८३ मा नगरसभाबाट विनियोजित नगरस्तरीय र वडा स्तरीय योजना तथा कार्यक्रमहरु सँचालन र कार्यान्वयन हुन नसकेको योजना तथा कार्यक्रमहरु जस्ताको त्यस्तै सारिएकोले सो योजना तथा कार्यक्रमहरु नयाँ योजना तथा कार्यक्रमहरु आ.व.२०८३/८४ मा सँचालन हुने निर्णय सर्व सम्मती पारित गर्ने निर्णय गरियो। साथै सँचालन भएका योजनाहरुमा खर्च भई बाँकी रहेका रकम, दोहोरिएका तथा सो वापत आ.व.२०८३/८४ मा नयाँ योजना विनियोजन गरेको भए सो योजनाहरुको रकम नगरस्तरीय योजना कार्यक्रममा समावेश गर्ने निर्णय गरियो।

२७. प्रस्ताव नं.२७ माथि छलफल गर्दा मिथिला नगरपालिकामा १५ शैय्या अस्पतालको भवन निर्माण गर्न मिथिला नगरपालिका वडा नं.६, ढल्केवर क्षेत्रमा कम्तिमा १३ कठ्ठा जग्गा आवश्यक पर्ने हुँदा सो बराबरको जग्गा दान गर्न ईच्छुक जग्गादाताहरुबाट प्रस्ताव पेश गर्नको लागि सार्वजनिक सूचना प्रकाशन गर्ने निर्णय गरियो।

२८. प्रस्ताव नं.२८ माथि छलफल गर्दा मिथिला नगरपालिकाको वडा नं.६ ढल्केवरमा सँचालनमा रहेको भूमि प्रशासन कार्यालयको स्थान परिवर्तन गरी बजार क्षेत्र भन्दा बाहिर भवन भाडामा लिन सम्झौता भएको भन्ने बुझिएको हुँदा विवाद उत्पन्न भएकोले सो भवन सँचालनको लागि नयाँ घरधनीसँग भएको सम्झौता रद्द गरी पुरानै घरधनीसँग मासिक रु.४०,०००।०० भाडा दिने गरि सम्झौता गरी भूमि प्रशासन कार्यालय यथावत सँचालन गर्नको लागि सम्बन्धित निकायमा लेखि पठाउने निर्णय गरियो।

२९. प्रस्ताव नं.२९ माथि छलफल गर्दा भूमि प्रशासन कार्यालय, नापी कार्यालय, राष्ट्रपति चुरे संरक्षण कार्यालयलाई साविक वेंगाडावर गाविस वडा नं.३ ख कि.नं. ४३ बाट ५/५ कठ्ठाको दरले तथा प्रदेश स्काउट कार्यालय मधेश प्रदेशको भवनको लागि साविक वेंगाडावर गाविस वडा नं. ३ कि.नं. १२८ बाट ५ कठ्ठा जग्गा उपलब्ध गराउन नगरपालिकाको तर्फबाट सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो।

३०. प्रस्ताव नं.३० माथि छलफल गर्दा गत आर्थिक वर्षको स्वीकृत कार्यक्रमहरु भुक्तानीको लागि नगर प्रमुखज्यू समक्ष पेश गर्नुपर्ने निर्णय कार्यापालिकाबाट भएकोमा सो विपरित केही फाइलहरु सिधै भुक्तानीमा पठाइएकोले सो को छानविन गर्न नगरप्रमुखज्युको संयोजकत्वमा निजले नै थप दुई जना तोक्ने गरी ३ सदस्यीय समिति गठन गर्ने र प्राप्त प्रतिवेदन अनुसार कारवाही अगाडी बढाउने निर्णय गरियो।

महेन्द्र महतो
नगर प्रमुख

मिथिला नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ढल्केबर, धनुषा
मधेश प्रदेश, नेपाल

३१. प्रस्ताव नं.३१ माथि छलफल गर्दा मिति २०८२ साल भाद्र २३ र २४ गते भएको **Gen-Z** आन्दोलनमा सहिद हुनुभएका व्यक्तिप्रति श्रद्धान्जली अर्पण गर्दै शोक सन्तप्त परिबारप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं । घाईते तथा अगंभंग हुनुभएका व्यक्तिहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछौं साथै सरकारी तथा निजी सम्पत्तिमा भएको आगजानी तथा क्षतिप्रति गहिरो दुख व्यक्त गर्दछौं ।

नगर सभा संचालनमा सहयोग पुऱ्याउने नगर सभाका सम्पूर्ण सदस्यज्यूहरु, संघसंस्था, सबै राजनीतिक दल, प्रमुख प्रशासकीय अधिकृत लगायत सबै कर्मचारीहरु, संचारकर्मी, उद्योगी व्यवसायी लगायत सम्पूर्ण नगरवासीहरुमा हार्दिक धन्यवाद व्यक्त गर्दै नगर सभाको १७ औं नगर सभाबाट स्वीकृत वार्षिक नीति तथा कार्यक्रम र बजेटलाई लिपिबद्ध, शुद्धा शुद्धि, क्रमबद्ध गरी आयव्ययको विवरण **SuTRA** मा प्रविष्ट गर्ने निर्णय पारित गरियो।

मिति २०८२।०८।११ गतेको नगर सभा बैठकको निर्णयहरु प्रमाणीकरण गरियो

२०८२।८।११

महेन्द्र महतो
नगर प्रमुख